"हाम्रो परिकल्पना: समृद्ध दिप्रुङ चुइचुम्मा"

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व.-२०८३/०८४

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार

कोशी प्रदेश, खोटाङ

२०८३ असार ७ गते

# आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

सम्मानित सभाका सभाध्यक्षज्यू,

गाउँ सभाका सचिवज्यू तथा आदरणीय सभाका सदस्यज्यूहरू।

स्थानीय निर्वाचनमार्फत हामीले जनअनुमोदित भई कार्यभार सम्हालेको चार वर्षको सुखद अवधि सफलतापूर्वक पूरा भइसकेको छ। यस गौरवशाली घडीमा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको यस गरिमामय गाउँसभाको उन्नाइसौं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको बोध भएको छ। हामीमाथि निरन्तर भरोसा राख्नुहुने सम्पूर्ण पालिकाबासी आदरणीय जनसमुदायमा हार्दिक आभार प्रकट गर्दछु। सङ्घ, प्रदेश र स्थानीय सरकारको त्रिकोणात्मक समन्वय तथा सहकार्यबाट मुलुकले राखेको राष्ट्रिय आकाङ्क्षालाई पूरा गर्नु हाम्रो परम कर्तव्य हो। यसै पृष्ठभूमिमा "हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा" को जुन साझा संकल्प हामीले सुरुवाती वर्षदेखि लिएका थियौं, त्यसैलाई आज पनि मुख्य मार्गचित्र मानेर हामी अगाडि बढिरहेका छौं। यस अवसरमा राष्ट्रियता, लोकतन्त्र र सामाजिक रूपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो प्राणको आहुति दिने अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, बेपत्ता एवं आन्दोलनको नेतृत्व गर्नुहुने सम्पूर्ण आदरणीय अग्रजहरूप्रति उच्च आदर व्यक्त गर्दछु। साथै २०८२ भाद्र २२ र २३ गते भएको जेन्जी युवाहरुको आन्दोलनमा सहादत प्राप्त गर्ने सहिद तथा मृतकहरुप्रति समेत भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै उक्त आन्दोलनबाट भएको व्यापक जन-धनको क्षति प्रति दुख र खेद व्यक्त गर्दछु।

आदरणीय सभाध्यक्ष महोदय,

यस गाउँपालिकाको आर्थिक र सामाजिक रूपान्तरणका लागि हामीले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नयाँ आवधिक योजना र दिगो विकासका लक्ष्यहरूलाई नीतिगत जगको रूपमा लिएका छौं। यस नीति तथा कार्यक्रममा पालिकाबासीको बदलिँदो चाहना र स्थानीय आवश्यकतालाई विशेष प्राथमिकताका साथ समेटिएको छ। गत आर्थिक वर्ष २०८२/०८३ का कतिपय अधूरा तथा स्रोत अभावका कारण रोकिन पुगेका रणनीतिक योजनाहरूलाई निरन्तरता दिँदै यस वर्ष तिनलाई तार्किक निष्कर्षमा पुर्याइनेछ। राष्ट्रिय रूपमा विद्यमान आर्थिक चुनौतीहरूका कारण हाम्रा साधन र स्रोतहरू संकुचित भए पनि उपलब्ध बजेटलाई जनताको हितमा अधिकतम परिचालन गरिनेछ। हाम्रो सम्पूर्ण ध्यान अब आर्थिक समृद्धि, सामाजिक न्याय, लैंगिक समानता, वातावरणीय सन्तुलन, विपद् व्यवस्थापन र संस्थागत सुशासन सुदृढ बनाउनेतर्फ केन्द्रित रहनेछ।

भौगोलिक जटिलताका कारण भौतिक पूर्वाधारको जग बसाल्नु अझै पनि हाम्रो मुख्य चुनौती र दायित्व दुवै हो। त्यसैले प्रत्येक घरमा स्वच्छ खानेपानीको सुनिश्चितता, बाह्रै महिना सञ्चालन हुने भरपर्दो सडक

सञ्जाल, माध्यमिक तहसम्मको व्यावहारिक एवं निःशुल्क शिक्षा, गाउँ-गाउँमा गुणस्तरीय स्वास्थ्य सेवा, कृषिको व्यावसायिकीकरणका लागि सिंचाइ सुविधा, पूर्ण विद्युतीकरण र व्यवस्थित बजार क्षेत्रको विकासमा यस वर्ष पनि बजेटको महत्त्वपूर्ण हिस्सा केन्द्रित गर्नुपर्ने वस्तुगत यथार्थ हाम्रा सामु छ। यसका साथै स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन कृषि, पशुपालन, घरेलु उद्योग, उद्यमशीलता र पर्यटन प्रवर्द्धनका क्षेत्रमा नवीनतम कार्यक्रमहरू सञ्चालन गरी युवाहरूका लागि स्थानीय स्तरमै स्वरोजगारका अवसरहरू सिर्जना गर्नु चुनौति र हाम्रा साझा दायित्व पनि हो।

सङ्घीयताको लाभ नागरिकहरुले स्थानीय सरकारको सामीप्य र द्रुत सेवा प्रवाहबाट मात्र पाउँन सक्छन् भन्ने मान्यतामा हामी दृढ छौं। सोही अनुरूप आवश्यक कानुनी आधारहरू तयार गरी गाउँपालिकाले आफ्ना सेवाहरूलाई जनमुखी बनाउँदै लगेको छ। यद्यपि, पालिकास्तरीय ठूला गौरवका आयोजनाहरूको दिगो व्यवस्थापन, लक्षित वर्गको सामाजिक सुरक्षा र जनजीविकाको सवालमा अझै धेरै कामहरू गर्न बाँकी रहेको बोध हामीलाई छ। तसर्थ, हाम्रो सीमित क्षमता र स्रोतको उच्चतम परिचालन गर्दै दिप्रुङ चुइचुम्मालाई समृद्ध पालिका बनाउने यस महाअभियानमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी संयन्त्र, राजनीतिक दल, नागरिक समाज र सरोकारवालाहरूलाई एकताबद्ध भई अगाडि बढ्न हार्दिक आह्वान गर्दछु। हामी सबैको साझा प्रयासबाट मात्रै "हाम्रो परिकल्पना र समृद्ध दिप्रुङ चुइचुम्मा" को सपना साकार हुनेछ भन्ने दृढ विश्वासका साथ आगामी आर्थिक वर्ष २०८३/०८४ को यो नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्दछु।

आदरणीय सभाध्यक्ष महोदय,

आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् :

(क) पूर्वाधार विकास,

(ख) शैक्षिक गुणस्तर अभिवृद्धि,

ग) सामाजिक सुरक्षा र गरिबी निवारण

घ) कृषिको आधुनिकीकरण, व्यवसायिकरणसँगै उत्पादन र उत्पादकत्व अभिबृद्दिमा जोड,

(ङ) सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह,

(च) खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन,

(छ) भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता,

(ज) आन्तरिक रोजगारीमा जोड,

(झ) लैंगिक तथा सामाजिक समावेशीकरण,

(ञ) सूचना प्रविधिमा आधारित सेवा प्रवाह,

(ट) विपद् व्यवस्थापन, उद्दार, राहत र पुनस्थापना

१. पूर्वाधार विकास

- साना तथा टुक्रे योजनाहरूलाई निरुत्साहित गर्दै "एक वडा, एक गौरवको योजना" र ठूला रणनीतिक आयोजनाहरूलाई प्राथमिकता दिइनेछ। योजना कार्यसम्पादनलाई नतिजामा आधारित बनाउन स्वीकृत आयोजनाहरूको विवरणसहितको होर्डिङ बोर्ड अनिवार्य गरिनेछ।
- गाउँपालिकाभित्रका मुख्य, सहायक तथा आन्तरिक सडकहरूको वर्गीकरण र स्तरोन्नति गरिनेछ। मुख्य सडकहरूलाई सदरमुकाम र तराईका राष्ट्रिय राजमार्गसँग जोडी बाह्रै महिना सुचारु हुने सुनिश्चित गरिनेछ।
- सातवटै वडा समेट्ने गरी 'चक्रपथ' को अवधारणा कार्यान्वयन गरिनेछ। निर्माण कार्यहरूमा प्रारम्भिक वातावरणीय परीक्षण को पालना, नदीजन्य पदार्थको वैज्ञानिक उत्खनन, र सडक छेउमा हरियाली प्रवर्द्धनमा विशेष जोड दिइनेछ।
- गाउँपालिका भित्र निर्माण हुने सम्पूर्ण सार्वजनिक भवन, वडाकेन्द्र, विद्यालय र स्वास्थ्य चौकीका संरचनाहरू बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवं गर्भवती महिलामैत्री बनाइनेछ। प्रमुख सार्वजनिक स्थान र चोकहरूमा सौर्य बत्ती जडान गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन गरिनेछ।
- मनसुनी बाढी-पहिरोबाट क्षतिग्रस्त सडक मर्मत र जोखिम न्यूनीकरणका लागि नाली तथा ग्याबियन पर्खाल निर्माण गरिनेछ। खहरे खोलाहरूमा जनसहभागितामा आधारित स्थानीय बाँस तथा काठे पुल निर्माण गरिनेछ भने सडकको नियमित रेखदेखका लागि 'सडक हेरालु' परिचालन गरिनेछ।
- प्रदेश र जिल्ला स्तरीय खेलकुद, सम्मेलन तथा सेमिनारहरू आयोजना गर्न गाउँपालिका आसपासमा २००० जना क्षमताको कभर्ड हल/सभाहल निर्माण गरिनेछ र एकीकृत नमुना बस्ती विकासको सम्भाव्यता अध्ययन गरिनेछ।
- गाउँपालिका भित्रका सडकहरूको यथोचित नामकरण गरी निश्चित दूरीमा गति सीमा, गन्तव्य सूचक र ट्राफिक चिन्हसहितको सङ्केत बोर्ड राख्न अनिवार्य गरिनेछ।
- स्थानीय खरिद नियमावली बमोजिम बोलपत्र र उपभोक्ता समितिका खरिद प्रक्रियालाई व्यवस्थित गरिनेछ। प्रत्येक वडाका उपभोक्ता समितिलाई योजना कार्यान्वयन, बजेट पारदर्शिता र प्राविधिक विषयमा नियमित अभिमुखीकरण गरिनेछ।
- निर्मित भौतिक पुर्वाधारहरूको नियमित मर्मत, सम्भार र संरक्षणका लागि एक एकीकृत "मर्मत सुधार कोष" को व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ।

- भवन निर्माण आचारसंहिता र नक्सा पास कार्यविधिलाई कडाइका साथ लागू गरिनेछ। सडक क्षेत्रमा बन्ने नयाँ पक्की संरचनाहरूको मापदण्डअनुसार अनिवार्य नक्सा पास गराउने नीति अवलम्बन गरिनेछ।
- आयोजनाहरूको गुणस्तर सुनिश्चित गर्न पालिका स्तरीय परीक्षण ल्याब स्थापना गरी ल्याब टेक्निसियनको बन्दोबस्त गरिनेछ। कार्यपालिकाको तर्फबाट सक्रिय र निरन्तर अनुगमन संयन्त्र परिचालन गरिनेछ।
- पूर्वाधार शाखाका प्राविधिकहरूलाई आधुनिक उपकरण (ड्रोन, जीपीएस, सर्भे उपकरण, ट्याबलेट) उपलब्ध गराइनेछ। फिल्डमा खटिने प्राविधिकहरूको कार्यसम्पादनका आधारमा भत्ता, यातायात सुविधा र बीमाको व्यवस्था मिलाइनेछ।

## २ शिक्षा

- सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी, करार, राहत, अनुदान, स्वयंसेवक, निजी शिक्षक एवं विद्यालय कर्मचारीहरूको पेशागत सुरक्षा र हितका लागि आगामी आर्थिक वर्षभित्र रु. एक करोडको "शिक्षक तथा विद्यालय कर्मचारी सहायता कोष" स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- अघिल्लो आर्थिक वर्षहरूमा सम्पन्न धुलोरहित कक्षाकोठा निर्माण कार्यको विगोपन सुनिश्चित गर्दै यसै आर्थिक वर्षभित्र गाउँपालिकालाई "धुलोरहित कक्षाकोठा युक्त गाउँपालिका" घोषणा गरिनेछ।
- दिप्रुङ चुइचुम्मा गाउँपालिका वडा नं. ४ स्थित श्री राम्चे निकेतन माध्यमिक विद्यालयको आवासीय मोडेललाई थप सुदृढ र प्रोत्साहित गर्दै, विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूलाई आवश्यकता र औचित्यका आधारमा क्रमशः समायोजन (मर्ज) गरी पायक पर्ने स्थानमा नयाँ आवासीय विद्यालयहरू विस्तार गर्ने नीति लिइनेछ।
- न्यूनतम पारिश्रमिकमा कार्यरत बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी, स्वयंसेवक तथा कम्प्युटर शिक्षकहरूको तलबभत्तालाई समयानुकुल वृद्धि गरिनेछ भने प्रशासनिक कार्यलाई थप जिम्मेवार र प्रभावकारी बनाउन प्रधानाध्यापकहरूलाई अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।
- विषयगत तथा तहगत शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरूमा आवश्यकताका आधारमा स्वयंसेवक शिक्षकहरूको व्यवस्थापन र दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ।
- सबै विद्यालयमा जडान गरिएको इन्टरनेट सेवालाई उच्च गतिको र नियमित बनाई कक्षाकोठालाई प्रविधिमैत्री बनाउने कार्यलाई थप सुदृढ बनाइनेछ।
- विद्यालय निरीक्षक र सुपरिवेक्षण संयन्त्रलाई प्रविधिमैत्री बनाउँदै शिक्षण सिकाइ उपलब्धिलाई विद्यार्थीको नतिजा र शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग जोड्न माध्यमिक विद्यालयहरुमा इ-हाजिरी र सिसि क्यामेरा जडान गरिनेछ।

- [illegible] फरक महत्वको प्राविधिक शिक्षालय स्थापना र स्नातक कक्षा सञ्चालन गर्न चाहने विद्यालयहरूलाई सम्भाव्यता र प्रस्तावनाको आधारमा विशेष अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
- स्थानीय विशिष्टता, कृषि, उद्यमशीलता र व्यावहारिक जीवनोपयोगी ज्ञानमा आधारित स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक यथाशीघ्र वितरण गरी सम्पूर्ण विद्यालयहरूमा कार्यान्वयनमा ल्याइनेछ।
- विद्यार्थीहरूमा समाजसेवा र राष्ट्रप्रेमको भावना जागृत गराउन प्रत्येक माध्यमिक विद्यालयमा नेपाल स्काउट, बालक्लब, र जुनियर रेडक्रस जस्ता स्वयंसेवी संस्थाहरूको अनिवार्य गठन र परिचालनका लागि आवश्यक पहल गरिनेछ।
- विद्यालयहरूमा आवश्यकताको आधारमा आधुनिक शौचालय, स्वच्छ खानेपानी, र सुरक्षित घेराबारसहितको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- संघीय तथा प्रदेश सरकार तथा स्थानीय सरकारद्वारा विनियोजित सबै प्रकारका आयोजना तथा कार्यक्रमहरूको शीर्षकगत रूपमा अनुगमन गरी प्राप्त पृष्ठपोषणका आधारमा वित्तीय अनुशासन कायम गरिनेछ।

### ३. सामाजिक सुरक्षा र गरिबी निवारण तथा रोजगारी र मानव संशाधन विकास

- रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३" का आधारमा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" को रूपमा रूपान्तरण गरी रोजगार, सीप विकास र उद्यमशीलता प्रवर्धन सम्वन्धी सम्पूर्ण सेवाहरू एकद्वार प्रणालीबाट एकिकृत सेवा प्रवाह गर्ने नीति लिइनेछ ।
- "श्रम संसार" लगायतका डिजिटल सूचना प्रणालीमार्फत वेरोजगार व्यक्ति, सीप सिक्न चाहने र सम्भावित उद्यमीहरूको व्यक्तिगत प्रोफाइल तयार गरी एकीकृत डाटावेस व्यवस्थापन गर्ने निति लिइनेछ ।
- स्थानीय तहमा श्रम वजारको माग, सीपको आवश्यकता र रोजगारीको अवसर पहिचान गर्न नियमित सर्वेक्षण तथा विश्लेषण गर्ने निति लिइनेछ ।
- स्थानीय स्तरमा रहेका रोजगारदाता, तालिम प्रदायक संस्था र अन्य सरोकारवालाहरूको पहिचान गरी सूची अद्यावधिक गर्ने निति लिइनेछ ।
- रोजगारदातावाट प्राप्त रिक्त पदहरूको विवरणका आधारमा दर्ता भएका लक्षित वर्गलाई रोजगारीका लागि सिफारिस तथा रेफरल सेवा प्रदान गर्ने निति लिइनेछ ।
- स्थानीय स्तरमा रोजगारीका अवसरहरू प्रवर्धन गर्न तथा रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच प्रत्यक्ष भेटघाट गराउन रोजगार मेला सञ्चालन गर्ने निति लिइनेछ ।



CamScanner

- लक्षित वर्गलाई योग्यता, सीप र रुचि अनुसार रोजगारी वा स्वरोजगारी सम्बन्धी व्यावसायिक सिप विकास तालिम तथा परामर्श प्रदान गर्ने निति लिइनेछ ।
- तालिमप्राप्त व्यक्तिहरूको सीप परीक्षण र प्रमाणीकरणका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने निति लिइनेछ ।
- नयाँ उद्यम गर्न इच्छुक व्यक्तिहरूलाई छनोट गरी व्यावसायिक उत्प्रेरणा तथा अभिमुखीकरण दिने निति लिइनेछ ।
- उद्यम गर्न चाहनेहरूलाई व्यावसायिक योजना निर्माणमा सहयोग गर्ने र बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी सहुलियतपूर्ण कर्जा वा अनुदानमा पहुँच बढाउने आवश्यक पहल गर्ने निति लिइनेछ।
- स्थानीय उत्पादनको बजारीकरण, ब्रान्डिङ र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्ने निति लिइनेछ।
- रोजगार र उद्यमशीलता कार्यक्रमहरूमा स्थानीय तहले आफ्नो स्रोत समेत थप गरी लागत साझेदारीको व्यवस्था गर्ने निति लिइनेछ ।
- सेवा प्रवाहको गुणस्तर सुधार गर्न नियमित रूपमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने र केन्द्रबाट प्रवाह हुने सेवाका सम्बन्धमा गुनासो व्यवस्थापन गर्न आवश्यक परेमा मन्त्रालयको "श्रमाधान कल सेन्टर" मार्फत समन्वय गर्ने निति लिइनेछ ।
- सञ्चालित तालिम र रोजगारीका कार्यक्रमहरूबाट लक्षित वर्गको आयस्तर र रोजगारीको अवस्थामा आएको सुधारको नियमित फलोअप र मूल्याङ्कन गर्ने निति लिइनेछ ।
- गरिबी न्यूनीकरण तथा रोजगारीका अवसर सृजना गर्न पहल गरिनेछ ।
- रोजगारको खोजिमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गरी रोजगारीको लागि पहल गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको श्रम स्वीकृति र पुनःश्रम स्वीकृति गाउँपालिकाबाट सहजीकरण हुदै आएकाले यसलाई निरन्तरता दिने नीति लिइनेछ ।
- समान कामका लागि समान पारिश्रमिकको सिद्धान्तलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- संघ, प्रदेश र गाउँपालिकाबाट सञ्चालित योजनाहरुमा रोजगार सूचना केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखेर काम गर्ने व्यवस्था मिलाइनेछ ।
- नेपालको संविधानले प्रत्याभूत गरेको सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी मौलिक हकलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोवास गर्ने आर्थिक रूपले अति विपन्न, आयस्रोत र रोजगारी नभएका तथा राज्य वा अन्य कुनै क्षेत्रबाट निवृत्तिभरण वा नियमित पारिश्रमिक नपाएका परिवारलाई जीवन निर्वाह भत्ता उपलब्ध गराई न्यूनतम संरक्षण प्रदान गर्न र लोककल्याणकारी स्थानीय सरकारको दायित्व पूरा गर्नका लागि विपन्न परिवारहरुलाई प्रति घरधुरी मासिक रु. तिन हजार जिवन निर्वाह भत्ता आगामी २०८३ श्रावणदेखि उपलब्ध गराइनेछ।

## ४. कृषि तथा पशु विकास

- कृषकहरूले उत्पादन गरेका सामग्रीहरूको बजार सुनिश्चितताका लागि प्रत्येक वडामा चिस्यान केन्द्र र संकलन केन्द्र निर्माण गरिनेछ।
- कृषकहरूलाई समयमै रासायनिक तथा प्राङ्गारिक मल र उन्नत बिउ, विषादी, पशु औषधीको उपलब्धता सुनिश्चित गर्न जनप्रतिनिधि र स्थानीयसँग समन्वय गरी सहज आपुर्ती गरिनेछ।
- कृषिमा व्यावसायिकता र उत्पादकत्व बढाउन अगुवा कृषक र कृषक समूहहरूलाई आवश्यकताका आधारमा ८० प्रतिशतसम्मको अनुदानमा आधुनिक कृषि औजारहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिदै वडागत रूपमा "पकेट र ब्लक" कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन आयातित पेय पदार्थहरूलाई निरुत्साहित गर्दै स्थानीय स्तरमा उत्पादित फलफूलको जुस र रैथाने कोदोको रक्सीको गुणस्तर प्रशोधन, लेवलिङ र ब्राण्डिङ गरी औद्योगिकीकरण गरिनेछ।
- बढ्दो बसाईंसराइ रोक्न "बाँझो जमिन उपयोग नीति" ल्याइनेछ। जंगली जनावर विशेष गरी बाँदरबाट हुने बालीनालीको क्षति न्यूनीकरण गर्न वैज्ञानिक र आधुनिक नियन्त्रणका उपायहरूको खोजी गर्ने निति लिइनेछ।
- खाद्य सुरक्षा र तरकारी उत्पादनमा आत्मनिर्भरताका लागि "एक घर, एक प्लाष्टिक टनेल" कार्यक्रमलाई नतिजामुखी अनुगमनसहित पुर्णता दिइ एक घर एक टनेल गाउँपालिका घोषणा गरिनेछ। सबै कृषकहरूको "डिजिटल कृषक सूचीकरण" गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप र पूँजीलाई कृषि क्षेत्रमा आकर्षित गर्न व्यवसायिक मौरीपालन, तेलहन खेती, च्याउ, आलु र फलफूल खेतीमा विशेष सहुलियत र प्रोत्साहन प्याकेज दिइनेछ।
- पशुपन्छीमा लाग्ने संक्रामक रोगहरू (जस्तैः खोरेत, पिपिआर, लम्पी स्किन) विरुद्ध 'पूर्ण खोप अभियान' सञ्चालन गरिनेछ। पशुपन्छीबाट मानवमा सर्न सक्ने रोगहरूबारे सचेतना फैलाउँदै "पशुपन्छी बीमा कार्यक्रम" लाई अभियानकै रूपमा अघि बढाइनेछ।
- गाउँपालिकाभित्र नगदेबालीको रूपमा चिया खेती विस्तार गर्नचिया पकेट क्षेत्र र अलैंची, कफि, लिच्चि सुन्तला, कागती, किवि, एभोकाडो, ड्रागनफ्रुट लगायतको सम्भावित क्षेत्र घोषणा गरी इच्छुक कृषकहरूलाई बिरुवा र प्राविधिक सहयोगमा अनुदान दिइनेछ।
- प्रोत्साहन तथा पुरस्कार : गाउँपालिका भित्रका कृषकहरुलाई उद्पादनकत्वको आधारमा खाद्यन्न, दलहन, तेलहन, फलफूल, तरकारी, पशुपालन, नगदेवाली लगायतमा गाउँपालिका भित्र सबैभन्दा बढि उत्पादन गर्ने किसानहरुलाई छनोट गरी विशेष प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

## ५. स्वास्थ्य तथा पोषण

- हेलो डाक्टर कार्यक्रम' मा आवश्यक प्राविधिक जनशक्ति थप गरी व्यवस्थित गरिनेछ। गाउँपालिका भित्रका आधारभूत अस्पतालबाट नागरिकलाई चौबिसै घण्टा आकस्मिक तथा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने नीति लाई निरन्तरता दिइनेछ।
- मातृ तथा नवजात शिशु मृत्युदर कम गरी 'घरमा शून्य प्रसुति' को अवस्थालाई दिगो बनाउन आकस्मिक स्वास्थ्य उपचार कोषको व्यवस्था गरिनेछ। बर्थिङ सेन्टरबाट जटिलताका कारण शल्यक्रियाका लागि अन्य सरकारी अस्पतालमा रेफर (Refer) गरिएका गर्भवती महिलाहरूलाई पालिकाको एम्बुलेन्स मार्फत एक तर्फी यातायात सेवा उपलब्ध गराउने निति लिइनेछ।
- प्रसूति सेवालाई सङ्ख्यात्मकभन्दा गुणात्मक बनाउन 'एकीकृत प्रसूति सेवा केन्द्र' को सुदृढीकरण गरिनेछ। प्रत्येक स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भ जाँचका लागि भिडियो एक्सरे (अल्ट्रासाउन्ड) सेवालाई निरन्तरता दिइनेछ।
- हाल सञ्चालनमा रहेका बाह्य खोप तथा गाउँघर क्लिनिक सेवालाई व्यवस्थित गर्न स्थानीय समुदायको सहकार्य र लागत साझेदारीमा क्रमशः आफ्नै भवन निर्माण कार्य अगाडि बढाइनेछ। सामुदायिक स्वास्थ्य एकाइहरूको भौतिक पूर्वाधार, आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गरी स्तरोन्नति गरिने निति लिइनेछ।
- पालिकाका भित्र लक्षित गरी विशेषज्ञ चिकित्सकहरूको उपस्थितिमा आवधिक रूपमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। शिविर अवधिभर गरिने सम्पूर्ण ल्याव (प्रयोगशाला) परीक्षणलाई पूर्ण रूपमा निःशुल्क गरिनेछ।
- समुदायस्तरमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूको वृत्तिविकास र क्षमता अभिवृद्धि गरिनेछ। साथै, स्वयमसेविकाहरु मार्फत गृहिणीहरूलाई बाल स्वास्थ्य, पोषण, र स्वच्छ आहारसम्बन्धी आधारभूत सचेतना तथा व्यावहारिक तालिम प्रदान गरिनेछ।
- पालिकाभित्रका कुनै पनि स्वास्थ्य संस्थामा आधारभूत औषधि र आवश्यक स्वास्थ्य उपकरणको अभाव हुन नदिन बजेट विनियोजन र आपूर्ति प्रणालीलाई डिजिटलाइज्ड गर्ने र आधारभुत अस्पतालभित्र फार्मासिस्टसहितको फार्मेसीको व्यवस्था गरिनेछ।
- दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा सञ्चालित अस्पतालमा यसै आर्थिक वर्ष (२०८३/०८४) देखि कानुनी तथा चिकित्सकीय आवश्यकता पूरा हुने गरी पोस्टमार्टम (शव परीक्षण) सेवा सुरुवात गरिनेछ।
- पालिकाभित्रका प्रत्येक विद्यालयमा विद्यार्थी र शिक्षकको आकस्मिक स्वास्थ्य सुरक्षाका लागि आवश्यक औषधिसहितको 'प्राथमिक उपचार बक्स' (First-Aid Box) वितरण गरिनेछ र प्रत्येक विद्यालयका कम्तीमा एक जना शिक्षकलाई प्राथमिक उपचारसम्बन्धी आकस्मिक तालिम प्रदान गर्ने निति लिइनेछ ।
- उच्च रक्तचाप, मधुमेह र पाठेघरको मुखको क्यांन्सर जस्ता नसर्ने रोगहरूको प्रारम्भिक पहिचानका लागि पालिकाव्यापी स्क्रिनिङ क्याम्प सञ्चालन गरिनेछ। साथै, प्रादेशिक नीति अनुरूप समुदाय स्तरमा मानसिक स्वास्थ्य परामर्श सेवा सुरु गरिनेछ।

- जलवायु परिवर्तनका कारण देखा परेका नयाँ संक्रामक रोगहरू (जस्तैः डेंगु, कालाजार आदि) को रोकथाम र नियन्त्रणका लागि पूर्वतयारी, सचेतना र कीटनाशक छर्कने कार्यलाई अभियानकै रूपमा अगाडि बढाइनेछ।

## ६. खानेपानी, सरसफाइ र स्वच्छता

- कोशी प्रदेशको स्वच्छता रणनीति अनुरूप गाउँपालिकाका सम्पूर्ण वडाहरूमा समुदायमा आधारित कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तनका कारण सुक्दै गएका खानेपानीका मुहानहरूको पहिचान, संरक्षण र सम्वर्द्धन गर्दै गाउँपालिकाका प्रत्येक नागरिकको घरमा स्वच्छ पिउने पानी पुऱ्याउन "एक घर, एक धारा" को लक्ष्यलाई तीव्रता दिइनेछ।
- स्थानीयस्तरमा लाग्ने आवधिक (साप्ताहिक/पाक्षिक) हाटवजारहरूबाट उत्सर्जित फोहोरको वैज्ञानिक व्यवस्थापनका लागि आधुनिक ल्यान्डफिल साइट (Landfill Side) को पहिचान र निर्माण गरिनेछ।
- जनस्वास्थ्य र सरसफाइबारे नागरिकलाई सचेत गराउन जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ७. सामाजिक समावेशीकरण

- गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने दलित, एकल महिला, अशक्त तथा अपाङ्गता भएको परिवारको मासिक विद्युत महसुल निशुल्क गर्न बजेट व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको वास्तविक र वस्तुगत विवरण समेटिएको डिजिटल पार्श्वचित्र निर्माण यसै आर्थिक वर्षमा गरिनेछ।
- वालअधिकारको संरक्षण र स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा वालबालिकाको सहभागिता सुनिश्चित गर्न वालबालिका लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
- विपन्न, महिला, र लक्षित वर्गका लागि क्षमता विकासका तालिमहरू सञ्चालन गरिनेछ र उत्पादित जनशक्तिलाई राष्ट्रिय सीप परीक्षण समिति बाट प्रमाणीकरण गराई रोजगारीसँग जोडिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले जीवन निर्वाहका रूपमा अपनाउँदै आएका परम्परागत पेशा र शिल्पकलालाई आधुनिक व्यावसायिक उद्यममा रूपान्तरण गर्न पूँजी लगानी प्रविधि हस्तान्तरण, र वजार प्रवर्द्धनमा सहयोग गरिनेछ।

- गाउँपालिकाका सक्रिय आमा समूहहरूलाई संस्थागत रूपमा सुदृढ र आत्मनिर्भर बनाउन एकमुष्ट "लिई पूँजी अनुदान" उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइ लघुउद्यम तर्फ अभिप्रेरित गरिनेछ।
- "हिंसामुक्त गाउँपालिका हाम्रो परिवार" अभियानलाई निरन्तरता दिँदै लैङ्गिक, घरेलु तथा सबै प्रकारका हिंसाविरुद्ध शून्य सहनशीलता को नीति लिइनेछ र पीडितहरूको तत्काल उद्धार तथा संरक्षणका आवश्यक पहल गरिनेछ।
- ज्येष्ठ नागरिकहरूको अनुभव र योगदानको कदर गर्दै "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" लाई निरन्तरता दिइनेछ र उनीहरूको स्वास्थ्य परीक्षण र सामाजिक सुरक्षासँग जोडी कार्यक्रमहरू परिमार्जन गरिनेछ।
- गरिबी निवारणका लागि स्थानीय कच्चा पदार्थमा आधारित लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरी युवा तथा महिलाहरूलाई व्यावसायिक सीपमूलक तालिममार्फत स्थानीय स्तरमै स्वरोजगार बनाइनेछ
- यस अघि सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, करुणा फाउन्डेशन नेपाल र स्थानीय सरकारको त्रिपक्षिय लागत साझेदारीमा संचालन हुँदै आएको अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप झन्झटमुक्त, पारदर्शी र प्रभावकारी बनाउन बैंकिङ संस्थाहरूसँगको सहकार्यमा वडा कार्यालय वा अशक्त नागरिकहरूको हकमा घर-घरमै भत्ता पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ।
- परापूर्वकालदेखि जड गाडेर बसेको जातीय भेदभाव र छुवाछुत जस्ता सामाजिक कुरीतिलाई पूर्ण रूपमा अन्त्य गर्न कानुनी सचेतना र सामाजिक जागरणका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरी "छुवाछुतमुक्त गाउँपालिका" घोषणा गरिनेछ। १.६ खेलकुद

- युवाहरूलाई खेलकुदमा आकर्षित गर्न र स्थानीय प्रतिभा पहिचानका लागि "अध्यक्ष कप" खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।
- फुटबल, भलिबल लगायतका रैथाने तथा परम्परागत् खेलहरूको विकासका लागि गाउँपालिका स्तरीय खेलाडी छनोट गरी उनीहरूको क्षमता विकासका लागि विशेष प्रशिक्षण र बन्द शिविरको व्यवस्था मिलाइनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा गाउँपालिकाको प्रतिनिधित्व गरी उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरू र उनीहरूलाई प्रशिक्षित गर्ने प्रशिक्षकहरूलाई नगद पुरस्कार सहित विशेष सम्मान गरिनेछ।



CamScanner

## ८. सामाजिक परिचालन र न्यायिक कार्यसम्पादन

- सामाजिक परिचालनका माध्यमबाट लक्षित वर्गलाई स्थानीय पूर्वाधार निर्माणमा श्रममूलक प्रविधिमार्फत आवद्ध गराई जनश्रमदानको संस्कृति प्रवर्द्धन र गरीबी न्यूनीकरण कार्यक्रमलाई मूलप्रवाहीकरण गरिनेछ।
- "उपाध्यक्षसँगै न्यायमा सेवाः समृद्धि र सुशासनमा टेवा" भन्ने नारालाई सार्थक बनाउन स्थानीय न्यायिक समितिलाई सबल र साधनस्रोत सम्पन्न बनाइनेछ।
- विवाद निरूपणलाई छिटो-छरितो र सर्वसुलभ बनाउन समुदाय स्तरमा मेलमिलाप केन्द्रहरूको स्थापना गर्ने र यसका लागि मेलमिलापकर्ताका लागि निरन्तर कानुनी साक्षरता र क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
- १० वर्षभन्दा माथिका छात्राहरूको स्वास्थ्य र विद्यालयमा नियमितता सुनिश्चित गर्न विद्यालयहरूमा गुणस्तरीय सेनेटरी प्याड निःशुल्क वितरण कार्यलाई निरन्तरता दिदै वातावरणमैत्री विसर्जनको व्यवस्था मिलाइनेछ।

## ९. साहित्य र संगीत

- दिप्रुङ चुइचुम्माको भाषा, कला र साहित्यको संरक्षणका लागि "गाउँपालिका स्तरीय साहित्य प्रज्ञा प्रतिष्ठान" मार्फत छिमेकी स्थानीय तहहरू समेतको सहभागितामा बृहत् साहित्यिक गोष्ठी तथा सर्जक भेला आयोजना गरिनेछ।
- गीत-संगीत, प्रज्ञा, कला, साहित्य र मोफसलको पत्रकारिता क्षेत्रमा अतुलनीय योगदान पुर्‍याउने गाउँपालिका भित्रका विशिष्ट व्यक्तित्वहरूलाई वार्षिक रूपमा "दिप्रुङ स्रष्टा सम्मान" प्रदान गरिनेछ।
- गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुको अनुभव संकलन गरी ग्रन्थ प्रकाशन गरिनेछ।

## १०. पर्यटन, उद्योग तथा वाणिज्य

- गाउँपालिकाको प्राकृतिक र सांस्कृतिक सम्भाव्यता अध्ययन गरी दीर्घकालीन "पर्यटन गुरुयोजना" तर्जुमा गरिनेछ। यसका लागि पालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ।
- छितापोखरीस्थित सुम्निमा-पारूहाङ पार्कको थप विकास, चिया बगान क्षेत्रको विस्तार र पर्यटकीय वनभोज स्थल निर्माण गरी प्रचार-प्रसार गरिनेछ।
- धिप्लुङ झरना, सुम्निमा पारुहाङ डाँडा, जलजला ताल, चित्रेपातल, लहरेपैयु, स्यालगौडे, र राम्चेडाँडा लगायतका क्षेत्रहरूमा पर्यटकीय आधारभूत पूर्वाधार निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य बनाइनेछ।



CamScanner

- [illegible]
- [illegible]
- [illegible]

## ११. वन, वातावरण र विपद् व्यवस्थापन

- भूमिगत जलस्रोत संरक्षण गर्न रिचार्ज पोखरी निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। पानीका मुहान, पोखरी, सिमसार क्षेत्रको संरक्षण गर्दै गाउँपालिकालाई "[illegible] स्थानीय तह" घोषणा गर्ने पूर्वाधारहरू तयार गरिनेछ।
- गाउँपालिका स्तरीय विपद् व्यवस्थापन कोषलाई सुदृढ गर्दै विपद् पूर्वतयारीका लागि खाद्य, [illegible] र स्वास्थ्य सामग्रीको "आपतकालीन भण्डारगृह" स्थापना गरिनेछ। [illegible] द्रुत प्रतिकार्य समूह (Quick Response Team) स्थापना गरी आवश्यक [illegible] विकास गरी शीघ्र परिचालनको नीति लिइनेछ।
- प्राकृतिक तथा मानव सिर्जित उत्पन्न विपदमा उद्धार, राहत, पुन निर्माण, पुन स्थापना कार्यलाई निरन्तरता दिँदै गाउँपालिकावासी नागरिकहरूको जोखिम न्यूनीकरण र [illegible] लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## १२. सञ्चार र प्रविधि

- वडा कार्यालयहरूका सेवालाई गाउँपालिकाको सूचना प्रणालीमा आबद्ध गरी विद्युतीय अनुगमन र अनलाइन सेवा प्रवाह निरन्तरता दिइनेछ। राजस्व संकलन, बिलिङ र अन्य भुक्तानीलाई प्रविधिमैत्री बनाउन QR कोड र डिजिटल भुक्तानी प्रणाली लागू गरिनेछ।
- सामुदायिक विद्यालयहरूमा डिजिटल शिक्षण विधिका लागि सामग्री व्यवस्थापन गरिनेछ। गाउँपालिकाका प्रमुख चोक, स्वास्थ्यचौकी र विद्यालयहरूमा क्रमशः निःशुल्क सार्वजनिक Wi-Fi सेवा विस्तार गरिनेछ।
- गाउँपालिकाका सम्पूर्ण डिजिटल तथ्याङ्कहरू सुरक्षित राख्न र प्राविधिक आपतकालमा डाटा सुरक्षित गर्न एक 'मिनी डाटा सेन्टर' वा क्लाउड-बेस्ड ब्याकअप प्रणालीको स्थापना गरिनेछ।

- गाउँपालिकाका सम्पूर्ण वडा कार्यालय र शाखा कार्यालयहरूलाई समेट्ने गरी एक एकीकृत डिजिटल गुनासो सुनुवाइ प्रणालीको विकास र कार्यान्वयन गरिनेछ। यस प्रणालीमार्फत नागरिकले गाउँपालिकाको वेबसाइट, मोबाइल एप, सामाजिक सञ्जाल वा ह्वाट्सएप (WhatsApp) जस्ता डिजिटल माध्यमबाट गुनासो दर्ता गर्न सक्ने व्यवस्था मिलाइनेछ।"
- प्रत्येक वडा कार्यालयमा प्रविधिमैत्री 'डिजिटल हेल्प डेस्क' को स्थापना गरिनेछ। प्रविधिमा पहुँच नभएका वा डिजिटल माध्यम प्रयोग गर्न नसक्ने नागरिकहरूको गुनासो वडा कार्यालयका कर्मचारीले उक्त प्रणालीमा प्रविष्ट (Entry) गरी दर्ता गरिदिने र सोको जानकारी गुनासोकर्तालाई तत्काल एसएमएस (SMS) मार्फत दिने व्यवस्था मिलाइनेछ।"
- प्राप्त गुनासोहरूलाई प्रकृतिको आधारमा वर्गीकरण गरी तोकिएको समयसीमाभित्र (जस्तै: ७ दिन वा १५ दिन) फछ्र्यौट गर्ने नीति लागू गरिनेछ। यदि तोकिएको समयभित्र गुनासो सुनुवाइ नभएमा उक्त गुनासो स्वतः माथिल्लो निकाय (गाउँपालिकाको प्रमुख/प्रशासकीय अधिकृत) को ड्यासबोर्डमा देखिने गरी 'स्कालेसन म्याट्रिक्स' (Escalation Matrix) प्रणाली जडान गरिनेछ।"
- गुनासो व्यवस्थापनको अवस्थालाई पारदर्शी बनाउन गाउँपालिकाको वेबसाइटमा 'गुनासो व्यवस्थापन ड्यासबोर्ड' राखिनेछ। जहाँ कति गुनासो आए, कति फछ्र्यौट भए र कति प्रक्रियामा छन् भन्ने तथ्याङ्क (गोपनीयता कायम राख्दै) सर्वसाधारणले हेर्न मिल्ने गरी सार्वजनिक गरिनेछ।"
- गुनासो दर्ता गर्ने नागरिकको विवरणलाई अति गोप्य राखिनेछ। गलत सूचना वा द्वेषपूर्ण गुनासोलाई निरुत्साहित गर्न 'प्रमाणित गुनासो प्रणाली' (Verified Grievance System) लागू गरिनेछ, तर नागरिकले सुरक्षित महसुस गर्ने वातावरण सिर्जना गरिनेछ।"
- डिजिटल माध्यमबाट आएका जनगुनासोहरूको सासाहिक रूपमा वडा अध्यक्ष र गाउँपालिका अध्यक्षबाट समीक्षा गरिनेछ। यसले स्थानीय सरकारलाई नागरिकप्रति थप जवाफदेही र जिम्मेवार बनाउनेछ।"

## १३. सार्वजनिक सेवा प्रवाह र वित्तीय सुशासन

- सार्वजनिक सेवा प्रवाहको गुणस्तर सुधार र नागरिकका गुनासो सुनुवाइका लागि मासिक रुपमा 'नागरिकसँग अध्यक्ष भेटघाट कार्यक्रम' र विकट बस्तीहरूमा 'एकीकृत घुम्ती सेवा शिविर' सञ्चालन गरिनेछ। कार्यालयमा नागरिक सहायता कक्ष र स्तनपान कक्ष सुदृढ गरिनेछ।
- कार्यबोझ र कार्यप्रकृतिका आधारमा जनशक्तिको सही आँकलन गर्न 'संगठन तथा व्यवस्थापन परीक्षण' गरिनेछ र स्वीकृत दरवन्दीका रिक्त पदहरू पूर्ति गरिनेछ। कर्मचारीहरूलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन रकम र घर अपायक पर्नेहरूलाई आवासको व्यवस्था गरिनेछ।

- गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरूमा गाउँपालिका प्रहरीको समन्वयमा सुरक्षा पोष्टहरू सुदृढ गरिनेछ। नागरिकलाई करको भार महसुस नहुने गरी प्रगतिशील कर प्रणाली लागू गरिनेछ र आन्तरिक नियन्त्रण प्रणालीलाई लेखा परीक्षण प्रणालीसँग जोडिनेछ ।

लोकेन्द्र राई
अध्यक्ष
दिप्रुङ चुइचुम्मा गाउँपालिका
२०८३ असार ७ गते।